# Somerville पार्क तथा मनोरञ्जन किशोरकिशोरी कार्यक्रम हातेपुस्तिका

कुनै पनि किशोरकिशोरी कार्यक्रम वा किशोरकिशोरी कार्यक्रम सदस्यताका लागि दर्ता गरेर, परिवारहरू यस हातेपुस्तिकामा उल्लिखित सबै नीति, प्रक्रिया र अपेक्षाहरूमा सहमत हुन्छन् ।

## स्वागत सन्देश

Somerville पार्क तथा मनोरञ्जन किशोरकिशोरी कार्यक्रमहरूमा स्वागत छ !

मेयर Katjana Ballantyne प्रशासनको पहलकदमीको रूपमा सुरु गरिएको, हाम्रा किशोरकिशोरी कार्यक्रमहरू Somerville का किशोरकिशोरीहरूका लागि स्कुल बाहिरका अवसरहरू विस्तार गर्न सिर्जना गरिएको थियो । किशोरकिशोरी केन्द्रको रूपमा सुरु भएको यो कार्यक्रम स्थानीय युवाहरूका विविध रुचि र आवश्यकताहरूलाई समर्थन गर्न डिजाइन गरिएका वर्षभरि सञ्चालन हुने विभिन्न प्रकारका निःशुल्क कार्यक्रमहरूको रूपमा विकसित भएको छ ।

सञ्चालन गरिने कार्यक्रमहरू निम्नानुसार छन्:

- एथलेटिक क्लिनिक र खुला व्यायामशालाहरू
- रचनात्मक र प्रदर्शन कला
- शैक्षिक तथा संवर्द्धनात्मक सहायता
- सामाजिक कार्यक्रम र क्षेत्रगत भ्रमणहरू
- विक्रेताको नेतृत्वमा हुने कार्यशाला र थप कार्यक्रमहरू

किशोरकिशोरी कार्यक्रमहरू Somerville का कक्षा 7 देखि 12 सम्मका युवाहरूका लागि खुला छन्, यसमा माध्यमिक तह सकाएपछि गर्मी यामभरि माथिल्लो तहका विद्यार्थीहरू पनि समावेश हुन्छन् । Somerville मा बस्ने वा Somerville पब्लिक स्कुल्समा पढ्ने किशोरकिशोरीहरू भाग लिन योग्य हुन्छन् ।

## कसरी दर्ता गर्ने

**किशोरकिशोरी कार्यक्रम सदस्यता**
उपलब्ध सबै प्रकारका निःशुल्क कार्यक्रमहरूमा पहुँच प्राप्त गर्न हामी किशोरकिशोरी कार्यक्रम सदस्यताका लागि दर्ता गर्न दृढताका साथ सिफारिस गर्छौं ।

दर्ता गर्न वा सहयोगका लागि अनुरोध गर्न, निम्नानुसार सम्पर्क गर्नुहोस्:

- Brooke Metivier, किशोरकिशोरी कार्यक्रम संयोजक
- bmetivier@somervillema.gov

इमेलमा निम्न जानकारी समावेश गरिएको हुनुपर्छ:

- अभिभावकको नाम
- किशोरकिशोरीको नाम र थर
- कार्यक्रमको नाम वा "किशोरकिशोरी कार्यक्रम सदस्यता"

प्रशोधन गरिसकेपछि, कुनै अर्को चरणहरू गर्नुपर्ने भएमा सोको जानकारी सहित पुष्टीकरण इमेल पठाइने छ ।

**एकल कार्यक्रममा नाम दर्ता**
निम्न अवस्थामा छुट्टै दर्ता गर्नुपर्ने हुन सक्छ:
- कार्यक्रमको पर्चामा भनिएको छ: "छुट्टै नाम दर्ता गर्नुपर्ने छ"
- तपाईंको किशोरकिशोरीलाई ड्रप-इन पहुँचका लागि स्वीकृत गरिएको छैन

मद्दतका लागि किशोरकिशोरी कार्यक्रम संयोजकलाई सम्पर्क गर्नुहोस् ।

## ड्रप-इन कार्यक्रम नीति

**किशोरकिशोरीहरूले निम्न अवस्थाहरूमा मात्र ड्रप-इन कार्यक्रमहरूमा भाग लिन सक्छन्:**
- उनीहरूको नाम किशोरकिशोरी कार्यक्रम सदस्यताका लागि दर्ता गरिएको छ र
- दर्ताको समयमा ड्रप-इन सहभागिताका लागि आमाबाबु/अभिभावकले "हो" चयन गर्नुभएको छ

**ड्रप-इन कार्यक्रमहरूमा सामान्यतया निम्न कार्यक्रमहरू समावेश छन्:**
- खुला व्यायाम सत्रहरू
- अधिकांश एथलेटिक क्रियाकलापहरू (क्लिनिकहरू बाहेक)

**महत्त्वपूर्ण: ड्रप-इन ≠ वाक-इन**
किशोरकिशोरीहरू नाम दर्ता नगरी आउन सक्दैनन् । भाग लिनका लागि, तपाईंले निम्नमध्ये कुनै कार्य गर्नुपर्ने छ:
1. दर्ता गर्न सघाउन पहिले नै किशोरकिशोरी कार्यक्रम संयोजकलाई सम्पर्क गर्नुहोस्
2. कार्यक्रम वा किशोरकिशोरी कार्यक्रम सदस्यताका लागि आफैँ दर्ता गर्नुहोस्

नाम दर्ता नगरीकन कार्यक्रममा आउने किशोरकिशोरीहरूलाई नाम दर्ता गर्ने निर्देशनहरूसहित घर पठाइने छ । दर्ता पूरा भएपछि उनीहरू फर्कन सक्छन् ।

# प्रोग्रामिङ नीतिहरू

**निःशुल्क कार्यक्रमको प्रतिबद्धता**

हाम्रा किशोरकिशोरी कार्यक्रमहरूमा सबै सहभागीहरू निःशुल्क रूपमा भाग लिन सक्छन् । तथापि, हामी समावेशी, समतामूलक र अधिकतम सहभागिता सुनिश्चित गर्न, हामीले हाम्रा कार्यक्रम नीतिहरूलाई परिष्कृत गरेका छौँ । यी दिशानिर्देशहरू सहभागी हुन उत्सुक किशोरकिशोरीहरूलाई लाभ पुऱ्याउन र अरूलाई सहभागी हुनबाट रोक्ने गरी "नाम दर्ता गरी अनुपस्थित हुने कार्य" लाई निरुत्साहित गर्नका लागि डिजाइन गरिएको हो ।

**साप्ताहिक कार्यक्रमहरू (4-6 हप्ता)**

कुनै किशोरकिशोरीले जानकारी नगराई लगातार 2 सत्रहरू छुटाएमा:

1. पहिलो हप्तापछि: आमाबाबु/अभिभावकलाई शिष्टाचार इमेल पठाइने छ ।
2. दोस्रो हप्तापछि: "दर्ता रद्द गरिएको" इमेल पठाइने छ । हटाइनुअघि तपाईंसँग प्रतिक्रिया जनाउन 3 दिनको समय हुने छ ।
3. पुनः नाम दर्ता: स्थान खाली भएमा किशोरकिशोरीहरूले पुनः नाम दर्ता गर्न सक्ने छन् । कार्यक्रममा सहभागीहरूको संख्या पुगिसकेको छ भने, तिनलाई प्रतीक्षासूचीमा राखिने छ र स्थान खाली हुँदा सूचित गरिने छ ।

**एक-पटक हुने कार्यक्रम र भ्रमणहरू**

यी अनुभवहरू सीमित र महत्त्वपूर्ण हुन्छन् । कार्यक्रममा उपस्थित हुन चाहनेहरूले नै स्थान ओगटेको सुनिश्चित गर्न:

- दर्ता गर्दा एउटा पुष्टीकरण इमेल पठाइने छ (MyRec मार्फत) ।
- त्यसपछि महत्त्वपूर्ण विवरण सहित भ्रम-पूर्व इमेल पठाइने छ ।
- कार्यक्रम हुने हप्तामा एउटा रिमाइन्डर इमेल पठाइने छ ।

**भ्रमणमा जाने दिन:**

- सवारी साधन पोस्ट गरिएको समयभन्दा बढीमा 15 मिनेट पर्खेर छुट्ने छ

- कुनै किशोरकिशोरीले भ्रमण छुटाए र कुनै पनि आमाबाबु/अभिभावकले संयोजकलाई सम्पर्क गरेनन् भने: **उनीहरू अर्को एक पटक हुने भ्रमण वा विशेष कार्यक्रमका लागि नाम दर्ता गर्न योग्य हुने छैनन्**

## खुला व्यायामशाला नीति

**खुला व्यायामशाला हाम्रो सबैभन्दा लोकप्रिय कार्यक्रमहरूमध्येको एक हो। सुरक्षा सुनिश्चित गर्नका लागि:**

- प्रति हप्ता अधिकतम 40 जना किशोरकिशोरी मात्र सहभागी हुन सक्छन्

- किशोरकिशोरीहरूले ड्रप-इन सहभागिताका लागि नाम दर्ता हुनुपर्छ **<u>वा</u>** सत्रका लागि पूर्व-दर्ता गर्नुपर्दछ

- दर्ता नै नगरी उपस्थित हुने किशोरकिशोरीहरूलाई प्रवेश गर्न अनुमति दिइने छैन

## विक्रेता कार्यक्रम नीति

हामी पृथक खालका संवर्द्धनात्मक कार्यक्रमहरू प्रदान गर्न 30 वटा भन्दा बढी स्थानीय संस्थाहरूसँग साझेदारी गर्दछौँ। यी कार्यक्रमहरूमा भाग लिन परिवारहरूले कुनै शुल्क तिर्नु नपर्ने भए तापनि, हाम्रो विभागले उपस्थिति भए पनि नभए पनि तिनको शुल्क बेहोर्छ। विक्रेताद्वारा सञ्चालित केही कार्यक्रमहरूमा आफ्नै दर्ता नीति हुने छ। "प्रश्नहरू" खण्ड अन्तर्गत दर्ताको समयमा यी नीतिको बारेमा थाहा पाउन सकिन्छ।

विगतका साझेदारहरू निम्नलगायत छन्:

- Volo Kids Foundation (भोलो किड्स फाउन्डेसन)

- YogaSix (योगसिक्स)

- Rumble Boxing (रम्बल बक्सिङ)

- Girls LEAP (गर्ल्स लीप)

- Sacco Bowling (साक्को बलिङ)

- McIntyre Ski Area (McIntyre स्की क्षेत्र)

- Goofs Comedy Club (गुफ्स कमेडी क्लब)
- Move Different (मुभ डिफरेन्ट)
- Give A Cake Bakery (गिभ अ केक बेकरी)

**विक्रेताद्वारा सञ्चालित कार्यक्रमका उपस्थिति मापदण्डहरू**
**एक पटक हुने कार्यक्रमहरू**
कार्यक्रम सञ्चालन गर्न दर्ता क्षमताको कम्तीमा 50% हुनुपर्छ
दर्ता भएका किशोरकिशोरीहरूमध्ये 10% भन्दा कम उपस्थित भएमा, अर्को कार्यक्रम सत्र रद्द गरिने छ

**6 हप्ते शृङ्खला**
कार्यक्रम आयोजना गर्न 50% संख्या पग्नुपर्छ
कुनै कार्यक्रममा 90% क्षमता पुग्यो भने, हामी माथि सूचीबद्ध साप्ताहिक उपस्थिति नीति लागू गर्नेछौँ

## व्यवहार र आचरण

हामी प्रत्येक किशोरकिशोरीले स्विकारिएको र सम्मानित महसुस गर्ने सकारात्मक, समावेशी र सुरक्षित वातावरणको प्रवर्द्धन गर्न प्रयासरत छौँ।

**सकारात्मक सुदृढीकरण**
- कर्मचारी र साथीहरूबाट सराहना र प्रशंसा
- हप्ता/महिनाका शीर्ष युवाको सम्मान
- पुरस्कार, प्रमाणपत्र र विशेष क्रियाकलापमा पहुँच
- असाधारण व्यवहारको बारेमा आमाबाबु/अभिभावकलाई सूचना

**सकारात्मक व्यवहारका उदाहरणहरू**
- कर्मचारी र साथीहरूलाई सम्मान गर्ने

- सक्रिय सहभागिता र प्रयास
- अरूलाई मद्दत गर्ने र समावेशिता अपनाउने
- नेतृत्व र खेल भावना प्रदर्शन गर्ने

**निषेधित व्यवहारहरू**

1. अपशब्द वा घृणायुक्त बोली
2. शारीरिक आक्रमण वा लडाइँझगडा (तत्काल कारवाही नीति)
3. दुर्व्यवहार (अनलाइन वा कार्यक्रम बाहिरको समयलगायत)
4. तोडफोड वा सम्पत्तिको विनाश
5. लागूपदार्थ, मदिरा वा सुर्तीजन्य पदार्थ प्रयोग गर्ने/राख्ने
6. कर्मचारी वा साथीहरूको अनादर गर्ने
7. प्रतिबन्धित क्षेत्रहरूमा प्रवेश गर्ने
8. खेल भावनाविरुद्धको आचरण
9. अनुपयुक्त वा आपत्तिजनक पहिरन
10. हातहतियार राख्ने
11. कर्मचारीहरूले असुरक्षित ठान्ने कुनै पनि व्यवहार

**अनुशासन नीति**

विशिष्ट प्रगति:

1. पुनःनिर्देशन (सम्झाउने)
2. मौखिक चेतावनी
3. "विश्राम लिनुहोस्"
4. घटनाको रिपोर्ट + अभिभावकलाई सूचना

व्यवहार खतरनाक छ भने तुरुन्तै लिएर जानुपर्ने हुन सक्छ । निरन्तर समस्याहरू आइरहे वा गम्भीर घटनाहरू (जस्तै, शारीरिक झगडा) भइरहेमा कार्यक्रमबाट हटाउन सकिने छ ।

**शारीरिक हातपात नीति**
शारीरिक हिंसा सुरु गर्ने कुनै पनि किशोरकिशोरीलाई निम्न कारवाही गरिने छः

- तुरुन्तै घर पठाइने छ
- आपत्कालीन सम्पर्क व्यक्तिहरूलाई सम्पर्क गरिने छ
- शैक्षिक वर्षको बाँकी समयका लागि कार्यक्रमहरूबाट हटाइने छ

कर्मचारीहरूले संलग्न सबै पक्षहरूको मूल्याङ्कन गर्ने छन्, परिवारहरूलाई सूचित गर्ने छन् र तदनुसार सजाय निर्धारण गर्ने छन् । नेतृत्व कर्मचारी र कार्यक्रम विकासकर्ताले सबैको हितको अग्रभागमा सुरक्षालाई राखेर अन्तिम निर्णयहरू गर्न मद्दत गर्ने छन् ।

# स्वास्थ्य तथा सुरक्षा

## सामान्य सुरक्षा

- कर्मचारीहरू CPR र प्राथमिक उपचारमा प्रमाणित हुन्छन्
- कर्मचारीहरू सामाजिक सञ्जालमा किशोरकिशोरीहरूसँग कुराकानी गर्दैनन्
- परिवारहरूसँग खुला सञ्चारसम्पर्क गर्न प्रोत्साहित गरिन्छ

## कहिले घरमा बस्ने: "स्कुल जान नसक्ने गरी बिरामी हुँदा"

निम्न अवस्थाहरूमा आफ्ना किशोरकिशोरीलाई घरमै राख्नुहोस्:

- 100.4°F भन्दा बढी ज्वरो आएमा
- पछिल्लो 24 घण्टामा बान्ता वा पखाला लागेमा
- सङ्क्रामक रोगको लक्षण देखिएमा
- एन्टिबायोटिक सेवन गर्नुपर्ने 24 घण्टा पूरा नगरेको भएमा (लागू भएमा)

**COVID-19**

Somerville शहरको COVID स्वास्थ्य जाँचसूची पालना गर्नुहोस् । आफ्नो किशोरकिशोरीलाई घरमै राख्नुहोस्:

- ज्वरो आउने, काम छुट्ने वा स्वाद/गन्ध थाहा नपाउने
- खोकी लाग्ने वा घाँटी दुख्ने साथै अन्य लक्षणहरू
- ग्यास्ट्रोइन्टेस्टिनल लक्षणहरू (वाकवाकी लाग्ने, बान्ता हुने, आदि)
- नाक बन्द हुने वा थकान साथै अन्य लक्षणहरू

## औषधोपचार र स्वास्थ्य अवस्थाहरू

- प्रेस्क्रिप्सन औषधिहरूका लागि चिकित्सकको आदेश र लेबल गरिएको कन्टेनर आवश्यक पर्दछ ।
- दम इनहेलर र एपिपेन (EpiPen) को प्रयोग बारे कार्य योजना पेस गरिएको हुनुपर्छ
- ओभर-द-काउन्टर औषधिहरूका लागि अभिभावकको सहमति चाहिन्छ (फारामहरू अनलाइन उपलब्ध छन्)

**तपाईंको किशोरकिशोरीमा निम्न अवस्थाहरू भएमा किशोरकिशोरी कार्यक्रम संयोजकलाई सूचित गर्नुहोस्:**

- एलर्जी, दम, मधुमेह
- दृष्टि, श्रवणशक्ति वा हिँडडुलमा समस्या
- भर्खरै अस्पताल भर्ना भएको
- कुनै पनि सरुवा रोग लागेको

**प्राथमिक उपचार र मेडिकल आपत्कालीन अवस्थाहरू**

Somerville पार्क तथा मनोरञ्जन किशोरकिशोरी कार्यक्रमका कर्मचारीहरू **प्राथमिक उपचार र CPR मा प्रशिक्षण प्राप्त** छन् । प्रत्येक सहभागीको सुरक्षा र कल्याण हाम्रो सर्वोच्च प्राथमिकता हो ।

कुनै किशोरकिशोरी घाइते भएमा वा मेडिकल हेरचाह आवश्यक परेमा, कर्मचारीहरूले आफ्नो प्रशिक्षणभित्र उपयुक्त हेरचाह प्रदान गर्ने छन् र किशोरकिशोरीको सुरक्षा सुनिश्चित गर्न आवश्यक कदम चाल्ने छन् । थप मेडिकल सहायता आवश्यक परेमा कर्मचारीहरूलाई 911 मा कल गर्ने अधिकार सुरक्षित छ । मेडिकल आपत्कालीन अवस्थामा तुरुन्तै आपत्कालीन सम्पर्कको रूपमा सूचीबद्ध आमाबाबु/अभिभावकहरूलाई सम्पर्क गरिने छ ।

## पूर्वाधार नीतिहरू

### खुल्ने समय

खुल्ने समय कार्यक्रमअनुसार र कार्यक्रम गर्ने ठाउँको उपलब्धताअनुसार फरक पर्दछ । विशिष्ट कार्यक्रम समयहरू MyRec कार्यक्रम सूचीमा फेला पार्न सकिन्छ वा तपाईं निम्न वेबसाइटमा जान सक्नुहुन्छ:

- Somerville MyRec (https://www.somervillerec.com)

- Instagram: @SomervilleParksandRec
- कार्यक्रमका पर्चीहरू

**रद्द र बन्द**
सामान्यतया, निम्न अवस्थाहरूमा कार्यक्रमहरू रद्द हुन सक्छन्:
- लगातार 2 हप्तासम्म 5 जना भन्दा कम किशोरकिशोरीहरू उपस्थित भएमा
- 5 जना भन्दा कम किशोरकिशोरीले नाम दर्ता गरेमा
- सुरु हुने समयको 30 मिनेटभित्र कोही पनि आइनपुगेमा
अन्तिम निर्णय पार्क तथा मनोरञ्जन नेतृत्व कर्मचारीहरूले गर्ने छन् ।

***"हाम्रो कार्यक्रमको समयतालिका Somerville पब्लिक स्कुल्सको तालिकाबमोजिम हुने छ: स्कुल बन्द छ भने, कार्यक्रमहरू सञ्चालन हुने छैनन् ।"***
यसमा, निम्नलगायत पर्दछन्
- सप्ताहान्त
- हिउँ परेको दिन
- बिदा
- छुट्टी हुने हप्ता
- आपत्कालीन बन्द
परिवारहरूलाई इमेल र सामाजिक सञ्जाल मार्फत सूचित गरिने छ ।
**किशोरकिशोरी कार्यक्रममा बिदा हुने दिनहरू**
किशोरकिशोरी कार्यक्रमहरू प्रमुख शहरी बिदा, सार्वजनिक विद्यालय छुट्टी हुने हप्ता र गम्भीर मौसम वा आपत्कालीन समयमा सञ्चालन हुने छैनन् । प्रत्येक कार्यक्रम सिजनको सुरुमा पूर्ण बिदा पात्रो पोस्ट गरिने छ । सबै निर्धारित बिदा, बन्द, आदिका लागि कृपया हालको Somerville पब्लिक स्कुल पात्रो हेर्नुहोस् ।

## भवन नीति र कार्यसञ्चालन प्रक्रियाहरू
Somerville पार्क तथा मनोरञ्जन किशोरकिशोरी कार्यक्रमहरूले Somerville का विभिन्न स्थानहरूमा विभिन्न प्रकारका निःशुल्क कार्यक्रमहरू प्रदान गर्दछन् । कार्यक्रम

स्थलहरूको विविधताका कारण, हाम्रा भवन नीतिहरू र कार्यसञ्चालन प्रक्रियाहरू ठाउँ अनुसार फरक-फरक हुन्छन् । सबैभन्दा धेरै प्रयोग हुने कार्यक्रम स्थलहरूमा लागू हुने नीतिहरू तल दिइएको छ

**Edgerly शिक्षा केन्द्र**

प्रवेश र प्रस्थानको स्थान/ठेगाना

3 Otis St Somerville MA 02145

शौचालय नीति:

शौचालय जाँदा एक पटकमा एक जनामात्र जाने गर्नुपर्छ र किशोरकिशोरी कार्यक्रम फ्रन्ट डेस्क कर्मचारीलाई जानकारी गराउनुपर्छ । कर्मचारीहरूले सधैँ शौचालयको निरीक्षण गर्दछन् ।

किशोरकिशोरीहरू 3 Otis St. को प्रवेशद्वार, भऱ्याङ, पहिलो र दोस्रो तल्लाको हलवे, पहिलो तल्लाका शौचालय, व्यायामशाला र कहिलेकाहीँ क्याफेटेरियामा जान सक्छन् । किशोरकिशोरीहरूलाई Edgerly शिक्षा केन्द्रका अन्य सबै भागहरूमा जान निषेध गरिएको छ, जसमा अन्य सबै निकास, हलवे, शौचालय, कक्षाकोठा आदि समावेश छन् । किशोरकिशोरीहरूलाई निषेधित ठाउँहरूमा गएको भेटिएमा, उनीहरूमा हाम्रो व्यवहार नीतिहरू लागू गरिने छ ।

चेक-इन नीति:

पार्क तथा मनोरञ्जन कर्मचारीहरू 3 Otis St को प्रवेशद्वार, हलवे र सिँढीहरूमा रहने छन् । पूर्वाधारमा प्रवेश गर्नु अघि किशोरकिशोरीहरूले कर्मचारीहरूसँग चेक-इन गर्नुपर्छ । किशोरकिशोरीहरूसँग सक्रिय किशोरकिशोरी कार्यक्रम सदस्यता र ड्रप-इन सहभागिताका लागि आमाबाबु/अभिभावकको अनुमति भएमा मात्र ड्रप-इन गर्न अनुमति दिइन्छ । किशोरकिशोरीहरूले तत्काल नाम दर्ता गर्न मिल्दैन; उनीहरूले घरमै दर्ता पूरा गर्नुपर्छ र उनीहरूको सदस्यता सक्रिय भएपछि अर्को हप्ता कार्यक्रममा उपस्थित हुन अनुमति दिइने छ ।

थप जानकारी:
कुनै किशोरकिशोरीले साँझ 6:00 बजेभन्दा अगाडि 3 Otis St प्रवेशद्वारमा ढकढक्याए भने, कर्मचारीहरूले ढोका खोल्न मिल्दैन । कृपया अर्को ढोकाबाट प्रवेश गर्ने प्रयास नगर्नुहोस् । *किशोरकिशोरीहरूलाई कुनै पनि कारणले साँझ 6:00 बजे अघि भवनमा प्रवेश गर्न अनुमति छैन र कुनै पनि कारणले साँझ 8:00 बजेपछि परिसरभित्र रहनु हुँदैन ।*

खुला व्यायामशालाको हकमा, 40 जनाभन्दा बढी किशोरकिशोरीहरू उपस्थित छन् भने, सुरक्षित सीमा कायम राख्न बाँकी सहभागीहरूलाई घर पठाइने छ ।

**Tufts प्रशासन भवन (TAB भवन) सम्मेलन कक्ष 203M**

प्रवेशद्वारको स्थान/ठेगाना
169 Holland St Somerville MA 02144, Room 203M

शौचालय नीति: किशोरकिशोरीहरूले शौचालय जानुअघि पार्क तथा मनोरञ्जन कर्मचारीहरूलाई जानकारी गराउनुपर्दछ । किशोरकिशोरी कार्यक्रम स्थलमा नफर्केसम्म पार्क तथा मनोरञ्जन कर्मचारीहरूले हलवेको निगरानी गर्ने छन् ।

चेक-इन नीति:
पार्क तथा मनोरञ्जन कर्मचारीहरू किशोरकिशोरीहरूलाई चेक-इन गर्नका लागि उपस्थिति बाइन्डरसहित कोठा 203M मा उपस्थित हुने छन् । दर्ता मापदण्डहरू कार्यक्रम अनुसार फरक-फरक हुन्छन्: उदाहरणका लागि, किशोरकिशोरीहरूसँग सक्रिय किशोरकिशोरी कार्यक्रमको सदस्यता र ड्रप-इन सहभागिताका लागि आमाबाबु/अभिभावकको अनुमति छ भने कला कार्यक्रमहरूमा ड्रप-इन गरेर सहभागी हुन सकिन्छ, जबकि किशोरकिशोरी स्वयंसेवक कार्यक्रममा ड्रप-इन गरेर सहभागी हुन मिल्दैन । किशोरकिशोरीहरू प्रतीक्षा सूचीबाट छानिएका र लगातार दुई हप्ताभन्दा बढी सत्र नछुटाएको अवस्थामा स्वयंसेवा कार्यक्रममा भाग लिन सक्छन् ।

थप जानकारी:
किशोरकिशोरी स्वयंसेवा कार्यक्रम र कला कार्यक्रमहरूलगायत केही कार्यक्रमहरू TAB भवनको सम्मेलन कक्षमा हुन्छन् । किशोरकिशोरी सम्मेलन कक्ष, छेवैको हलवे र हलवेको अन्त्यमा रहेका बाथरूमहरूमा जान सक्छन् ।

भवनका अन्य सबै क्षेत्रमा जान निषेध गरिएको छ । किशोरकिशोरीहरू निषेधित ठाउँहरूमा भेटिएमा हाम्रा व्यवहार नीतिहरू लागू गरिने छ ।

*कृपया ध्यान दिनुहोस्: किशोरकिशोरीहरू निर्धारित कार्यक्रमको समयभन्दा 30 मिनेटभन्दा अगाडि आइपुग्नु हुँदैन । TAB भवन मुख्यतया कार्यालय स्थान हो र सहभागीहरू तोकिएको कार्यक्रम क्षेत्रहरू बाहिर पर्खने वा भौंतारिने गर्नु हुँदैन ।*

**Club Volo**

प्रवेशद्वारको स्थान/ठेगाना
300 Grand Union Blvd Somerville MA 02145 (Assembly Row)

चेक-इन नीति
सबै सहभागीहरूले क्लब भोलोमा रहेको किशोरकिशोरी भलिबल क्लिनिकका लागि छुट्टै नाम दर्ता गर्नुपर्छ । उच्च संख्यामा दर्ता भएको कारणले ड्रप-इन गरेर सहभागी हुन अनुमति छैन । पार्क तथा मनोरञ्जन कर्मचारीहरू चेक-इन व्यवस्थापन गर्न सामान्यतया पालमुनि राखिएको फोल्डिङ टेबलमा रहने छन् । किशोरकिशोरीहरू आइपुगेपछि चेक इन गर्नुपर्छ र त्यस बेला उपयुक्त कार्यक्रम क्षेत्रमा पठाइने छ ।

शौचालय नीति:
सहभागीहरूले पार्क तथा मनोरञ्जन कर्मचारीहरूलाई पहिले नै शौचालय प्रयोग गर्ने कुराको जानकारी गराउनुपर्छ ।

थप जानकारी:
हरेक शरद र वसन्त याममा, पार्क तथा मनोरञ्जन किशोरकिशोरी कार्यक्रमले क्लब भोलोमा भोलो किड्स फाउन्डेसनसँग मिलेर स्यान्ड भलिबल कार्यक्रम सञ्चालन गर्दछ

। प्रवेशद्वार "क्लब भोलो" लेबल गरिएको भण्डारण कन्टेनर मुनि अवस्थित छ । प्रवेश गरेपछि, दायाँतिर गएर पालमुनि एउटा टेबलतिर जानुहोस्, जहाँ पार्क तथा मनोरञ्जन कर्मचारीहरूले चेक-इन गर्ने छन् । कार्यक्रमको समयमा क्लब भोलो बाहिरको "लन" बाट आमाबाबु/अभिभावकहरू अवलोकन गर्न सक्ने छन् ।

## विक्रेताद्वारा सञ्चालित कार्यक्रमहरू

हामीले सामुदायिक साझेदारहरूसँग विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने भएकाले, यसले हामीले कार्यक्रमहरूलाई सहजीकरण गर्न सक्ने स्थान विस्तार गरेको छ । विविधताको कारणले गर्दा, प्रत्येक कार्यक्रममा रुचि मापन गर्न छुट्टै दर्ता गर्नुपर्ने छ र त्यसपछि विक्रेताद्वारा सञ्चालित कार्यक्रमसम्बन्धी नीतिहरू पालना गर्ने छन् । चेक इन नीति, शौचालय नीति, स्थानहरू, कार्यक्रम हुने समय आदि स्थान र विक्रेताद्वारा सञ्चालित कार्यक्रमको आधारमा फरक-फरक हुने छन् । किशोरकिशोरीहरूलाई दर्ताको समयमा र कार्यक्रम स्थानमा आइपुग्दा थप विशिष्ट विवरणको बारेमा जानकारी गराइने छ ।

## किशोरकिशोरी ग्रीष्मकालीन कार्यक्रम हुने स्थान र नीतिहरू

### Blessing of the Bay बोटहाउस

प्रवेशद्वारको स्थान/ठेगाना

32 Shore Drive Somerville MA 02145

Blessing of the Bay बोटहाउस

हामी हाम्रो ग्रीष्मकालीन कार्यक्रम सत्रहरूको समयमा किशोरकिशोरी डुङ्गा(कनो) कार्यक्रमहरू सञ्चालन गर्दछौँ । किशोरकिशोरीहरू पार्क तथा मनोरञ्जन कर्मचारीहरूसँग बोटहाउसभित्र उपस्थितिका लागि चेक-इन गर्न सक्छन् र किशोरकिशोरी कार्यक्रमका कर्मचारीहरूले तिनलाई अर्का चरणहरू, पानीको सुरक्षा, उपकरण सेट अप गर्ने र उनीहरूको डुङ्गा(कनो)मा चढ्ने बारेमा निर्देशन दिने छन् ।

*किशोरकिशोरी यस कार्यक्रममा चाँडै आइपुग्नु हुँदैन । सबै सहभागीहरू हामी जल कार्यक्रमका लागि निस्कनु अघि नै आइपुग्ने अपेक्षा गर्दै कार्यक्रमका लागि तोकिएको समयमा 30 मिनेटको चेक इन समयलाई समावेश गरिएको छ - जुन कार्यक्रम फ्लायर र MyRec दर्तामा हाइलाइट गरिने छ ।*

**East Somerville सामुदायिक स्कुल**

प्रवेशद्वारको स्थान/ठेगाना

50 Cross St Somerville MA 02145, भित्र पस्न व्यायामशालाको ढोका मात्र प्रयोग गर्नुहोस्

व्यायामशालाको ढोका Glen Street वा Rush Street को छेउमा अवस्थित स्कुल पार्किङ स्थलमा अवस्थित छ । ढोका ह्यान्डल विनाको खैरो रङको र थोरै सिँढी चढेर माथि छ । किशोरकिशोरीहरूले विद्यालयको अन्य कुनै पनि ढोकाबाट प्रवेश गर्नु वा बाहिर निस्कनु हुँदैन ।

हाम्रा धेरैजसो ग्रीष्मकालीन कार्यक्रमहरू East Somerville कम्युनिटी स्कुलको व्यायामशालामा अवस्थित छन् । किशोरकिशोरीहरूले व्यायामशाला बाहिर पहिलो तल्लाको हलवेमा अवस्थित शौचालयहरू प्रयोग गर्न सक्छन् । किशोरकिशोरीहरूले व्यायामशाला छोड्नु अघि किशोरकिशोरी कार्यक्रमका कर्मचारीहरूलाई आफू शौचालय प्रयोग गर्न गइरहेको कुरा थाहा दिनुपर्ने हुन्छ । किशोरकिशोरीहरूलाई अन्य कुनै पनि हलवे, शौचालय, कक्षाकोठा, बाहिर निस्कने ढोका आदिमा जान निषेध गरिएको छ । किशोरकिशोरीलाई निषेधित ठाउँहरूमा भेटिएमा, तिनीहरूलाई हाम्रो व्यवहार नीतिहरू लागू गरिने छ ।

# अतिरिक्त नीतिहरू

## दर्शक नीति

- ड्रप-इन स्वीकृति सहित दर्ता भएमा मात्र किशोरकिशोरीहरूले कार्यक्रम हेर्न सक्छन्
- हाम्रा कुनै पनि कार्यक्रममा वयस्क दर्शकहरू (अभिभावक, शिक्षक वा पूर्व

विद्यार्थीहरूलगायत) लाई अनुमति छैन । यो हाम्रा कार्यक्रम र स्थानहरू किशोरकिशोरीहरूका लागि मात्र रहून् भन्ने कुरा सुनिश्चित गर्नका लागि हो ।

**अन्य अपेक्षाहरू**

- मोबाइल फोन ल्याउन पाइन्छ तर ध्यानमा खलल पुऱ्याउनु हुँदैन
- अनुमति विना अरूको तस्बिर/भिडियो राख्न पाइने छैन
- शौचालय प्रयोग गर्नु अघि कर्मचारीहरूलाई सूचित गर्नुपर्ने छ
- सुरक्षित, उपयुक्त लुगा लगाउनुपर्ने छ
- सामान हराएमा/चोरी भएमा कर्मचारी जिम्मेवार हुने छैनन्
- हाम्रा कार्यक्रमहरूमा 100% लागूपदार्थ निषेध गरिएको छ

## सम्पर्क विवरण

Brooke Metivier
किशोरकिशोरी कार्यक्रम संयोजक
मोबाइल फोन नम्बर (कल वा टेक्स्ट गर्नुहोस्) 857-300-3272
इमेल: bmetivier@somervillema.gov

Jeremy Vallesio
मनोरन्जन प्रबन्धक
फोन नम्बर : 617-625-6600 एक्सटेन्स 2999
इमेल: jvallesio@somervillema.gov

George Scarpelli
कार्यक्रम निर्माता
फोन नम्बर : 617-635-6600 एक्स्टेन्सन 2984
इमेल: gscarpelli@somervillema.gov

Somerville पार्क तथा मनोरञ्जन किशोरकिशोरी कार्यक्रमहरूको हिस्सा हुनुभएकोमा धन्यवाद । हामी तपाईंको किशोरकिशोरीका लागि सुरक्षित, सहयोगात्मक र रोमाञ्चक अनुभवका लागि प्रतीक्षारत छौँ!